# लोक सेवा आयोगको ६६ औं वार्षिकोत्सव सम्पन्न ।

निजामती सेवा लगायत अन्य सरकारी सेवाका रिक्त पदहरुमा निष्पक्ष तवरले योग्य उम्मेदवार छनौट गर्ने उद्देश्यका साथ वि.सं. २००८ साल असार १ गते स्थापना भएको लोक सेवा आयोग वि.सं. २०७३ सालमा आएर स्थापनाको ६५ औं वर्ष पुरा गरी ६६ औं वर्षमा प्रवेश गरेको छ । स्थापना दिवसको दिन प्रत्येक असार १ गतेलाई आयोगले वार्षिक स्थापना दिवसको रुपमा मनाउदै आएको छ । सरकारी निकायमा स्थायी सरकारको रुपमा रहने निजामती सेवाका लागि योग्य उम्मेदवारहरुको छनौटका लागि परीक्षा सञ्चालन गरि सिफारिश गर्ने काम कर्तव्य भएको आयोगको ६६ औं वार्षिकोत्सव सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न भएकोछ । उक्त समारोहमा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली, व्यवस्थापिका संसद, राज्य व्यवस्था समितिका माननीय सभापति श्री दिलबहादुर घर्ती, संवैधानिक नियकायका प्रमुखहरु, नेपाल सरकार मुख्य सचिव, प्रधान सेनापति, संवैधानिक निकायका पदाधिकारीहरु, नेपाल सरकारका सचिवहरु, सुरक्षा नियकाका प्रमुखहरु, आयोगका पूर्व पदाधिकारीहरु तथा सचिवहरु, आयोगमा लामो समय सेवा गरी सेवानिवृत हुनुभएका कर्मचारीहरु तथा सञ्चारकर्मीहरुको उपस्थिति थियो । कार्यक्रममा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले लोक सेवा आयोगको भूमिका, कार्य प्रगति तथा भावी योजनाको बारेमा प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा सम्माननीय राष्ट्रपतिले लोक सेवा आयोगलाई मार्गदर्शन सम्बोधन गर्नुभएको थियो । आयोगको निष्पक्ष, योग्यतामा आधारित छनौट र सिफारिसको ६५ वर्षको उपलब्धि र योगदानबारे स्मरण गर्न पाउँदा आफूलाइ खुशी लागेको, ६५ वर्षको दौरानमा आयोगले धेरै उकाली ओराली पार गरिसकेको विगतको लामो कार्य अनुभवको समिक्षा गर्दै भविष्यको कार्य वातावरण तय गर्नुपर्ने तथा नेपालको संविधानमा आयोगको कार्यक्षेत्रलाई थप विस्तार गरिएको र नेपालको संविधानले संघीयतालाई कार्यान्वयनमा ल्याएको सन्दर्भमा आर्थिक सामाजिक रुपान्तरण सहितको न्यायपूर्ण, सशक्त र समृद्ध नेपाल निर्माणका लागि सार्वजनिक प्रशासनमा योग्य उम्मेदवार छनौट गर्न आयोग सदैव सक्षम रहनेछ र भविष्यमा पनि सक्षमताका साथ आफ्नो भूमिका निर्वाह गर्नेछ भन्नेमा आफू विश्वस्त रहेको विश्वास व्यक्त गर्नुभयो । सम्माननीय प्रधानमन्त्रीले आयोग संवैधानिक अधिकार सहितको स्वतन्त्र, निष्पक्ष भूमिकामा रहेकोले कतैबाट निर्देशित र नियन्त्रित नभई काम गर्नतर्फ अडिग रहनुपर्ने र यसमा सरकारबाट कुनै हस्तक्षेप नभई हरप्रकारको सहयोग हुने धारणा व्यक्त गर्नुभयो । समारोहमा व्यवस्थापिका संसदका माननीय सभापति श्री दिलबहादुर घर्तीले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

वार्षिकोत्सव समारोहमा सम्माननीय राष्ट्रपतिले आयोगको प्रतीक चिन्ह (Logo) सार्वजनिकीकरण गर्नुभयो । आयोगको उक्त प्रतीक चिन्ह निर्माणको लागि खुला प्रतिस्पर्धाबाट आह्वान गरिएको थियो । उक्त प्रतीक चिन्ह (Logo) र सो को व्याख्या यस प्रकार रहेकोछ :

लोक सेवा आयोगको प्रतीक चिन्ह (लोगो)

# लोक सेवा आयोगको प्रतीक चिन्ह (लोगो) को व्याख्या

१) आकार : यो प्रतीक चिन्ह गोलाकार रहेकोछ ।

२) संस्थाको नाम: पहिलो गोलाकारभित्र माथि नेपालीमा लोक सेवा आयोग र तल अंग्रेजीमा Public Service Commission, Nepal लेखिएकोछ ।

३) दोस्रो (भित्री) गोलाकारभित्र मुख्य प्रतीक चिन्ह रहेकोछ । (अग्र भाग, Front face)

- प्रतीक चिन्हको सबैभन्दा माथि नेपालको झण्डा रहेकोछ । जसले यो प्रतीक चिन्ह नेपाल देशको हो र उक्त देशभित्र रहेको संस्था लोक सेवा आयोग हो भन्ने कुरा प्रष्ट बनाउँदछ ।
- झण्डाको ठीक मुनिको प्रतीक दाँयाबाँया अर्धमुदित नयन रहेकोछ । यसले यस संस्थाले गर्ने कार्य निष्पक्ष र बौद्धिक हुन्छ भन्ने कुरा देखाउँछ ।
- तीन तीनवटा पत्र दायाँ र बाँया खुल्ला भएको फिक्का निलो रंगको प्रतीकले
  - लोक सेवा आयोगले गर्ने मुख्य तीन कार्यहरु स्पष्ट गर्दछ जस्तै: विज्ञापन प्रकाशित गर्नु, परीक्षा संचालन गर्नु र सिफारिस गर्ने कार्यलाई प्रतिनिधित्व गर्दछ र यो एक फक्रेको फूलको रुपमा रहेकोछ ।
  - यस प्रतीकलाई खुला किताबको रुपमा ज्ञान आर्जन गर्ने मुख्य साधन र यसबाट आर्जित ज्ञान नै परीक्षार्थीहरुले परीक्षाको समयमा स्वस्फूर्तरुपमा ब्यक्त गर्ने गर्दछन् भन्ने भावनालाई व्यक्त गर्दछ ।
- प्रतीकभित्रको कालो रंगको तीनपाटा (तीनतिर फर्केको) भएको पिरामिड आकारको प्रतीक चिन्ह रहेकोछ र यसमा तीनपाटाले लोक सेवा आयोगले विज्ञापन मार्फत् आव्हान गर्ने कार्यक्षमता एवं कार्यदक्षता बढुवा (फाईल बढुवा), आन्तरिक प्रतियोगिता र खुला प्रतिस्पर्धा मार्फत् योग्य उम्मेदवारलाई माथिल्लो दर्जामा पुग्न योग्यता परीक्षण सम्वन्धी कार्य गर्दछ । प्रतीकले विना योग्यता उक्त कुरा प्राप्ति हुँदैन भन्ने व्याख्या गर्दछ ।
- पिरामिड आकारको प्रतीक चिन्हभित्र छवटा खुट्किलोको आकार तानिएका छन् । छ वटा धर्काको अर्थ लोक सेवा आयोगले विज्ञापन गर्ने प्राविधिक एवं अप्राविधिकतर्फका ६ श्रेणी (श्रेणी विहिन, खरिदार वा सो सरह, नायब सुब्बा वा सोरह, शाखा अधिकृत वा

सो सरह, उपसचिव वा सो सरह र सहसचिव वा सो सरह) समावेश गरिएकोछ । श्रेणी विभाजनको जानकारी एक सोपानको रुपले प्रस्तुत गर्दछ ।

- पिरामिड आकारको प्रतीक चिन्हमाथि चुरा लगाएको महिलाको हात र पुरुषको हात प्रतीक चिन्हमा रहेको छ । चुरा लगाएको हातले महिला र खाली रहेको हातले पुरुष जनाउँदछ र यसले लोक सेवा आयोगको मुख्य कार्य (परीक्षा प्रणाली) मा सहभागी हुने उम्मेदवारहरुको समावेशीतालाई व्यक्त गर्दछ ।
- महिला र पुरुषको हातमा रहको बलेको दियो आकारको प्रतीक रहेकोछ । यस प्रतीकले चौतर्फि ज्ञानको ज्योति छर्ने भन्ने अर्थ राख्दछ ।
- बलेको दियोमा ज्वालाको रुपमा रहेको कलमको निब आकारको प्रतीक चिन्हले परीक्षार्थीले आर्जन गरेको ज्ञान व्यक्त गर्ने साधनको रुपमा दर्शाएकोछ ।

सम्माननीय राष्ट्रपतिबाट आयोगमा कार्यरत उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो । आयोगका माननीय सदस्य श्री विन्द्रा हाडा भट्टराइले स्वागत गर्नु भएको थियो भने माननीय सदस्य श्री गोविन्दप्रसाद कुसुमबाट कार्यक्रममा उपस्थित अतिथी तथा आमन्त्रित व्यत्तित्वहरुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । ६६ औं वार्षिकोत्सव कार्यक्रमको सञ्चालन लोक सेवा आयोगका सचिव श्री माधवप्रसाद रेग्मीले गर्नु भएको थियो ।

प्रवक्ता
लक्ष्मी विलास कोइराला
२०७३, असार १ गते